नार्पा भूमि गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०८** **संख्याः ११** **मितिः** २०८२/०१/२९

**भाग-१**

**नार्पा भूमि गाउँपालिका**

## नार्पा भूमि गाउँपालिका साना तथा लघु जलविद्युत परियोजना नियमन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०८१

सभाबाट प्रमाणित मितिः२०८२/०१/२५

प्रमाणीकरण मितिः २०८२/०१/२५

स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८२/०१/२९

**प्रस्तावना**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्म र भावना अनुसार स्थानीय तह स्थापना पश्चात स्थानीय स्तरका जन समुदायलाई विद्युत सेवाको सहजै उपलब्धता मार्फत जन समुदायको जिवनस्तर सुधारमा सहयोग गर्न स्थानीय तहमा निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविद्युतको नियमन, व्यवस्थापन तथा सञ्चालन गरी निरन्तर सेवा पुऱ्याउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ र सोही ऐनको दफा ११ उपदफा २ (ध) वमोजिम नार्पा भूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले साना तथा लघु जलविद्युत परियोजना नियमन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०८१ पारित गरेको छ

## परिच्छेद : १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क)यस ऐनको नाम : नार्पा भूमि गाउँपालिकाको साना तथा लघु जल विद्युत परियोजना नियमन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०८१ रहेको छ ।

(ख)यो ऐन गाउँसभाले स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. कार्यक्षेत्र :** यस ऐनको कार्यक्षेत्र नार्पा भूमि गाउँपालिका भरी रहने छ ।

**३. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क)“स्थानीय सरकार सञ्चालन ऐन” भन्नाले नेपाल सरकारको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख)“गाउँपालिका” भन्नाले नार्पा भूमि गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग)“सुपरिवेक्षण समिति” भन्नाले गाउँपालिका स्तरमा गठन भएको साना तथा लघु जलविद्युत परियोजना नियमन, व्यवस्थापन तथा सञ्चालनका लागि नीति निर्माण गर्ने, नियमन गर्ने, निर्देशन दिने र मुल्यांकन गर्ने एक सर्वोच्च संयन्त्र सम्झनु पर्छ ।

(घ)“समन्वय समिति” भन्नाले साना तथा लघु जलविद्युत परियोजनाको नियमन,व्यवस्थापन सञ्चालनका लागि राय सल्लाह दिने तथा समन्वय गर्ने वडा स्तरिय समिति सम्झनु पर्छ ।

(ड.)“ऐन” भन्नाले नार्पा भूमि गाउँपालिका साना जल विद्युत परियोजना नियमन, सञ्चालन तथा व्यवस्थापन ऐन २०८१ सम्झनु पर्छ ।

(च)“नियमावली” भन्नाले नार्पा भूमि गाउँपालिकाको साना तथा लघु जलविद्युत परियोजना नियमन, सञ्चालन तथा व्यवस्थापन ऐन, २०८१ अन्तर्गत निर्माण गरिने नियमावली सम्झनु पर्दछ ।

(छ)“अधिकारी” भन्नाले नार्पा भूमि गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्छ ।

(ज)“कर्मचारी” भन्नाले यस ऐन अर्न्तगत नियूक्त भएका विद्युत तथा उर्जा शाखा र परियोजना व्यवस्थापनका लागि गाउँपालिकावाट नियूक्त भएका कर्मचारी लाई समेत जनाउनेछ ।

(झ)“संस्था” भन्नाले नार्पा भूमि गाउँपालिकाभित्र निर्माण भएका लघु जलविद्युत उपभोक्ता संस्था र निर्माण गरिने साना तथा लघु जलविद्युत संस्था सम्झनु पर्छ ।

(ञ)“उपभोक्ता” भन्नाले नार्पा भूमि गाउँपालिका भित्र निर्माण भएका साना तथा लघु जलविद्युत परियोजनावाट विद्युत प्रयोग गर्ने सम्पूर्ण घरधुरी सदस्य सम्झनु पर्छ ।

(ट)“साधारण सदस्य” भन्नाले साना तथा लघु जल विधुत परियोजनाहरुवाट उत्पादित विधुत उपभोग गर्ने घरधुरीका सदस्यहरु जुन नार्पा भूमि गाउँपालिकाको ऐन, नियमावली र नीति नियमको पालना गर्न मञ्जुर गरी नियमानुसार सदस्य भएका विद्युत उपभोक्ताहरु वा व्यक्तिहरुलाई सम्झनु पर्छ ।

(ठ)“साधारण सभा” भन्नाले संस्थाको वार्षिक साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउँछ ।

(ड)“साधारण सदस्यता” भन्नाले संस्थावाट औपचारीक रुपमा सदस्यता प्रमाण पत्र लिएको घरलाई जनाउछ र सदस्यताको संस्थामा उपस्थिती हुदां दफा ११.१.३ अनुरुपको उक्त घरको योग्यता पुगेका महिला वा पुरुषलाई जनाउँछ ।

(ढ)“कोष” भन्नाले गाउँपालिका मुल सञ्चित कोषलाई सम्झनु पर्दछ ।

(ण)“परियोजना व्यवस्थापन समिति” भन्नाले यस ऐन बमोजिम परियोजना कार्यक्षेत्र भित्रका उपभोक्ता घरधुरीवाट गठन भएको अध्यक्ष,उपाध्यक्ष, कोषाध्यक्ष सचिव र अन्य सदस्यहरू लाई सम्झनु पर्छ ।

(त)“उपसमिति” भन्नाले गाउँपालिका द्वारा यस विधान बमोजिम कुनै निश्चित कार्य गर्नका लागि अवधि तोकी गठन गरिएको उपसमिति समेतलाई सम्झनु पर्छ ।

(थ)“कार्यविधि” भन्नाले गाउँपालिकाले साना तथा लघु जलविद्युत परियोजना व्यवस्थापनका लागि तयार गरी कार्यपालिकावाट पारित गरीएको दस्तावेजलाई सम्झनु पर्छ ।

४. **ऐनको पालना गर्नुपर्ने :** यस नार्पा भूमि गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविद्युत परियोजना संस्था,परियोजना व्यवस्थापन समिति, उपभोक्ता तथा यस ऐन अर्न्तगत गठन भएका सवै संयन्त्र,समिति र उपसमितिले यो ऐनको पूर्ण रुपमा पालना गर्नु पर्छ ।

## परिच्छेद २

## लक्ष्य, उद्देश्य एवं कार्य

५. **लक्ष्य :** यस नार्पा भूमि गाउँपालिका भित्र निर्माण भएका तथा निर्माण गरिने साना तथा लघु जलविधुतहरुको नियमन, व्यवस्थापन र सञ्चालन गरी आम उपभोक्ता घरधुरीलाई सहज रुपमा विद्युत सेवा उपलब्ध गराई जिवनस्तरमा सुधार ल्याउने ।

६. **उद्देश्य : संस्थाको मुख्य उद्देश्य निम्न अनुसार हुनेछन ।**

(१) ऐनको लक्ष्य हासिल गर्ने साना तथा  लद्यु जलविद्युत परियोजनाको असल व्यवस्थापन मार्फत नियमित रुपमा सञ्चालन गरी सेवा प्रवाह गर्ने ।

(२) कार्यक्षेत्र भित्रका उपभोक्ताहरूलाई विद्युतको ग्राहस्थ उपभोगका साथै आयमूलक एवम् उद्यमशील क्रियाकलापहरू सञ्चालनका लागि नियमित विद्युत सेवा उपलब्ध गराउन आवश्यक व्यवस्थापन गर्ने ।

(३) कार्यक्षेत्र भित्रका उपभोक्ताहरू एवम् कर्मचारीहरूलाई विद्युत प्रणाली र उपकरण मर्मत सम्बन्धी आवश्यक तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(४) अधिकतम विद्युत खपत हुने बेलुकाको समय बाहेक अन्य समयमा विद्युत खपत बढाउने खालको आयमूलक क्रियाकलापहरू प्रबर्द्धन गरी कार्यक्षेत्र भित्र सामाजिक तथा आर्थिक विकास र वातावरण संरक्षण तथा संवर्द्धन गर्ने ।

(५) परियोजना व्यवस्थापन समिति,उपभोक्ताको संस्थागत विकास र साना तथा लद्यु जलविद्युत परियोजनाको दिगोपनको लागि आवश्यक रकम जुटाई उचित व्यवस्थापन गर्ने ।

(६) कार्यक्षेत्र भित्रका उपभोक्ताहरू विच स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना सिर्जना गर्ने ।

(७) कार्यक्षेत्र भित्र सम्भव भएको साना तथा लद्यु जलविद्युत निर्माण, व्यवस्थापन तथा सञ्चालन मार्फत   विद्युत उत्पादन गरी स्थानीय तहको आन्तरिक आम्दानी वृद्धि गर्ने ।

(८) लद्यु जलविद्युत योजनावाट उत्पादीत विद्युतवाट हुने जोखिम तथा खतरावाट वच्न सहि तरीकाले विद्युत प्रयोग सम्वन्धी शिक्षा दिने ।

(९) विधुतको सहज उपलव्धता मार्फत शिक्षा, स्वास्थ्य र आइ.टि. प्रविधि संगको पहुच र प्रयोगमा वृद्धि गरी उत्पादित जनशक्तिलाई वजारीकरण गर्न सहयोग पुर्‍याउने ।

७. **कार्यहरू** : संस्थाले विधानको दफा ६ बमोजिमका उद्देश्यहरू पूरा गर्न प्रचलित जलस्रोत र वातावरणसँग सम्बन्धित ऐन, नियम एवम् निर्देशिकाहरूको पूर्ण पालना गरी निम्न कार्यहरू गर्नेछ ,-

(१) **विद्युत उत्पादन :**

(क) कार्यक्षेत्रभित्रका उपभोक्ता सदस्यहरूको विद्युत आवश्यकताको पहिचान गर्ने ।

(ख) उपभोक्ताहरूको आवश्यकता वमोजिमको विद्युत उत्पादन गर्ने ।

(ग) आवश्यकता अनुसार विद्युत गृह निर्माण गर्ने ।

(घ) विद्युत उत्पादन प्रणालीको उचित सम्भार मर्मत गर्ने ।

(ङ) आवश्यकता अनुसार अन्य निकायसँग सहयोग र सल्लाह लिने दिने ।

(च) आवश्यकता परेको खण्डमा विद्युत खरिद तथा बिक्री गर्ने ।

(२) **विद्युतीकरण/ वितरण :**

(क) कार्यक्षेत्रभित्र आवश्यकता अनुसार विद्युतीकरण गर्ने ।

(ख) विद्युत महसुल निर्धारण गर्ने ।

(ग) विद्युतीकरण र वितरण प्रणालीलाई ब्यवस्थित र प्रभावकारी बनाउने ।

(घ) सुपरिवेक्षण समितिले तय गरेका नीति नियम अनुरूप अन्य संघ संस्थाहरुलाई विद्युत विक्री गर्ने र कार्य क्षेत्र भित्रका उपभोक्ताहरूलाई उचित विद्युत सेवा उपलव्ध गराउने ।

(३) **अन्य कार्य :**

(क)साना तथा लद्यु जलविद्युत परियोजनाहरुको संरक्षण र सर्म्वद्धन बारे उपभोक्ताहरूलाई चेतना जगाउने ।

(ख)विद्युतको उपयोग, सुरक्षा, शक्ति सञ्चय, न्यूनतम मर्मत सम्भार सम्बन्धी तालिम, छलफल, अर्न्तकृया तथा अवलोकन भ्रमण सञ्चालन र व्यवस्थापन गर्ने ।

(ग)लैङ्गिक एवम् सामाजिक समावेशीकरणको अवधारणा अनुसारका चेतनामूलक क्रियाकलापहरु (वातावरण संरक्षण,सरसफाइ/वृक्षारोपण/सुरक्षित खानेपानी प्रयोग र पूर्ण सरफाई) सञ्चालन गर्ने ।

(घ)कार्यक्षेत्र भित्र गाउँपालिकाको उद्देश्य पूर्ति गर्न तथा उपभोक्ताहरूको हक हितका लागि प्रचलित कानूनको अधीनमा रही सहकारी तथा अन्य निकायहरुसंग सम्वन्ध स्थापना गरी सहकार्य, समन्वय गर्दै विद्युतको दिगोपना र उत्पादनको क्षेत्रमा अधिकतम प्रयोगका लागि आवश्यक व्यवस्था मिलाउने ।

(ङ)उपभोक्ताहरूको सामुदायिक हित अभिबृद्धि सम्बन्धी कार्य गर्ने ।

## परिच्छेद ३

## संस्थागत तथा संरचनागत व्यवस्था

**८. संस्थागत तथा संरचनात्मक व्यवस्था : (१)** गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविद्युत  परियोजनाहरुको नियमन, व्यवस्थापन तथा सञ्चालनका लागि देहाय वमोजिम संस्थागत तथा संरचनागत व्यवस्था गरिनेछ ।

क. निर्देशक समिति

ख. समन्वय समिति

ग. परियोजना व्यवस्थापन समिति

**(२) संरचनागत व्यवस्था :** यस गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविधुत परियोजनाहरुको नियमन, व्यवस्थापन तथा सञ्चालनका लागि नीति तर्जुमा गर्न, निर्देशन दिन र आवश्यक निर्णय गर्न गाउँपालिका स्तरमा दफा ८ को उपदफा १ वमोजिमको देहाय अनुसार निर्देशक समिति गठन गरिनेछ ।

**निर्देशक समितिको संरचना**

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. वडा अध्यक्षहरु | सदस्य |
| ४. भौतिक पूर्वाधार शाखा प्रमुख एवम् प्रमुखले तोकेको प्रतिनिधि | सदस्य |
| ५. योजना शाखा प्रमुख एवम् ं प्रमुखले तोकेको प्रतिनिधि | सदस्य |
| ६. गाउँपालिका विधुत तथा उर्जा शाखा प्रमुख | सदस्य सचिव |

माथि दफा ८ को उपदफा २ वमोजिम गठन भएको निर्देशक समितिले आवश्यक ठानेमा विद्युत क्षेत्रमा काम गर्ने विज्ञलाई आमन्त्रित सदस्यका रुपमा वैठकमा आमन्त्रित गर्न सकिनेछ ।

**९. निर्देशक समितिको काम कर्तव्य र अधिकार : (१) गाउँपालिका स्तरिय निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

क.साना तथा लघु जलविद्युत परियोजनाको नियमन, व्यवस्थापन तथा सञ्चालन र कर्मचारी व्यवस्थापनका लागि आवश्यक नियमावली र कार्यविधि निर्माण गरी पारित गर्न कार्यपालिकामा पेश गर्ने ।

ख.स्वीकृत ऐन, नियमावली तथा कार्यविधि अनुरुप परियोजना सञ्चालन भए नभएको नियमन र अनुगमन गर्ने, निर्देशन दिने तथा परियोजना व्यवस्थापन समिति र वडा समन्वय समिति मार्फत आएका सल्लाह, सुझाव कार्यान्वयन गर्ने ।

ग.साना तथा लघु जलविद्युत परियोजना सहयोगका लागि नार्पा भूमि गाउँपालिकामा स्थापना भएको विधुत तथा उर्जा शाखाको प्रतिवेदन अध्ययन गरी आवश्यकता अनुसार कार्वाही अगाडि वढाउने ।

घ.परियोजना सञ्चालनका लागि विद्युत तथा उर्जा शाखाको प्रतिवेदन तथा वार्षिक कार्यक्रम अध्ययन तथा आवश्यक छलफल गरी स्वीकृत गर्ने र गाउँपालिका भरी रहेका विद्युत परियोजना सञ्चालनका लागि आवश्यक वजेट व्यवस्थापन गर्न गाउँ कार्यपालिकामा
पेश गर्ने ।

ड.सञ्चालित परियोजनाको अनुगमन, मुल्यांकन गरी प्रभाव अध्ययन गर्ने र थप सुधारका लागि निर्देशन गर्ने ।

च.विधुत महशुल निर्धारण गरी स्वीकृतका लागि राजश्व परामर्श समितिमा पेश गर्ने ।

छ.वडा स्तरीय समन्वय समितिको सिफारिस वमोजिम विद्युत महशुल कम वा छुट गर्न सक्ने ।

ज.आवश्यक कर्मचारी नियूक्तिका लागि कार्यपालिका लाई सिफारिस गर्ने ।

झ.अन्य आवश्यक कार्य गर्ने ।

(२) **निर्देशक समितिको वैठक सम्वन्धी व्यवस्था** : निर्देशक समितिको वैठक कम्तीमा तीन महिनाको १ पटक बस्ने छ । निर्देशक समितिले आवश्यक ठानेमा वैठक जुनसुकै वेला पनि वस्न सक्नेछ ।

**१०. समन्वय समिति :** (१) यस गाउँपालिका भित्र निर्माण भएका र निर्माण गरिने साना तथा लघु जलविधुत परियोजनाहरुको नियमन, व्यवस्थापन तथा सञ्चालनका लागि नीति तर्जुमा गर्न र निर्देशक समितिलाई आवश्यक निर्णय गर्न, सहयोग पुर्‍याउन प्रत्येक वडामा देहाय अनुसारको एक समन्वय समिति गठन गरिनेछ ।

**(२) दफा १० को उपदफा १ वमोजिम गठन हुने वडा स्तरिय समन्वय समितिको संरचना देहाय अनुसारको हुनेछ ।**

| | |
|---|---|
| क. वडा अध्यक्ष | अध्यक्ष |
| ख. वडा महिला सदस्य १ जना | सदस्य |
| ग. परियोजना व्यवस्थापन समिति अध्यक्ष | सदस्य |
| घ. परियोजना प्रवन्धक वा अपरेटर १ जना | सदस्य |
| ङ. वडा कार्यालयको सचिव | सदस्य सचिव |

**(३) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

क. वडा भित्र सञ्चालनमा रहेका साना तथा लघु जलविधुत परियोजना सञ्चालनको अवस्था वारे जानकारी लिने ।

ख. वडा भित्र सञ्चालनमा रहेका साना तथा लघु जल विधुतको परिप्रयोगका लागि सम्भावित क्षेत्र पहिचान गरी सो क्षेत्रमा विधुत उपलव्धताका लागि आवश्यक पहल गर्न निर्देशक समितिलाई जानकारी गराउने ।

ग. विधुत महशुल निर्धारणका लागि निर्देशक समितिलाई आवश्यक सुझाव दिने ।

घ. विधुत महशुल छुटका लागि आधार सहित निर्देशक समितिलाई सिफारिस गर्ने ।

ङ. आफ्नो कार्यक्षेत्र भित्र सञ्चालित साना तथा लघु जलविधुत परियोजनाको नियमन, अनुगमन गरी दिगो सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक सुझाव दिने ।

च. ऐन,नियमावली, कार्यविधि, निर्देशन तथा परिपत्रको कार्यान्वयन भए नभएको एकिन गरी कार्यान्वयन गर्न गराउन लगाउने ।

छ. नियमानुसार सञ्चालन भए नभएको एकिन गरि परियोजना दिगो सञ्चालन तथा व्यवस्थापनका लागि थप राय सुझाव सहितको प्रतिवेदन निर्देशक समितिमा पेश गर्ने ।

ज. महशुल संकलन गरि अभिलेख राख्ने कार्य वडा स्तरिय समन्वय समितिले गर्नेछ ।

**(४) समन्वय समितिको बैठक सम्वन्धित व्यवस्था :**

वडा स्तरिय समन्वय समितिको वैठक कम्तीमा दुई महिनाको १ पटक वस्ने छ । वडा स्तरिय समन्वय समितिले आवश्यक ठानेमा वैठक जुनसुकै वेला पनि वस्न सक्नेछ ।

## परिच्छेद ४

## परियोजना व्यवस्थापन समिति सम्वन्धित व्यवस्था

**११. परियोजना व्यवस्थापन समिति गठनः (१)** परियोजनाको कार्यक्षेत्र भित्र रहेका घरधुरी मध्येका एक (महिला वा पुरुष) जनाले संस्थाको साधारण सदस्य हुन चाहेमा निवेदन पेश गरी घरधुरी संस्थाको साधारण सदस्य हुनेछ । साना तथा लघु जलविधुत परियोजनाको समुदाय स्तर तथा उपभोक्ता स्तरमा परियोजनाको सञ्चालन तथा व्यवस्थापन गर्न कुल सदस्यको ३३ प्रतिशत महिला (यदि महिला सदस्य भएमा) सहित वढीमा ७ देखि ११ सदस्यीय एक परियोजना व्यवस्थापन समिति गठन गरिने छ ।

**(२)** परियोजना व्यवस्थापन समिति गठन प्रकृया :

(क) परियोजना व्यवस्थापन समिति साधारण सभा वहुमतवाट गठन हुनेछ ।

(ख) परियोजना व्यवस्थापन समिति गठनमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

**(३)** साधारण सदस्यको योग्यता देहाय वमोजिम हुनेछ ।

(क) नेपाली नागरिकता प्राप्त गरी १८ बर्ष उमेर पुगेको एक घर एक सदस्य ।

(द्रस्टव्यः सदस्य घरका महिला वा पुरुष जो पनि समान हकवाला सदस्य हुनेछन् र संस्थाको पदीय जिम्मेवारी वहन गर्ने शिलसिलामा त्यस घरवाट महिला वा पुरुष जो पनि सदस्य हुन सक्ने छ )

(ख) संस्थाको विद्युत उपभोग गर्ने व्यक्ति ।

(ग) ऐनको पालना गर्न मञ्जुर भएको ।

(घ) मानसिक सन्तुलन ठिक भएको ।

(ङ) प्रचलित ऐन कानूनले अयोग्य नठहरिएका ।

(च) संस्थाको कार्यक्षेत्रभित्र बसोवास गरेको ।

**(४)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको विद्युत शक्ति उपभोग गर्न चाहने संस्थाको कार्यक्षेत्रभित्र रहेको सरकारी कार्यालय, कानून वमोजिम सार्वजनिक हितका लागि स्थापित विद्यालय, कलेज एवं अन्य सामाजिक संघ संस्था वा उद्योगहरूलाई विद्युत उपभोग गर्नका लागि ग्राहक सदस्य बन्न बाधा पर्ने छैन ।

(५) **साधारण सदस्यहरूको काम, कर्तब्य, अधिकार र दायित्य देहाय वमोजिम हुनेछ :**

(क) संस्थाको साधारणसभामा भाग लिने ।

(ख) संस्थाको हित र विकासका निम्ति संलग्न हुने, सहयोग पुऱ्याउने ।

(ग) साधारणसभा, परियोजना व्यवस्थापन समिति तथा अन्य उपसमितिहरूले गरेको निर्णयको पालना गर्ने ।

(घ) ऐन, नियमावली तथा कार्यविधि पालना गर्ने गराउने कार्यमा दत्तचित्त रहने ।

(ङ) संस्थालाई विद्युत लाइन निर्माण, विस्तार र वितरण गर्न आवश्यक परेको अवस्थामा संस्थाका प्रत्येक सदस्यले आफ्नो स्वामित्वमा रहेको जग्गा जमिनको तल, माथि सतह भएर जान आउन र निर्माणका लागि जग्गा उपलब्ध गराउने ।

(च) संस्थालाई विद्युत शक्ति उत्पादनका लागि आवश्यक पर्ने जनश्रम उपभोक्ताहरुवाट परियोजना व्यवस्थापन समितिले गरेको निर्णय अनुसार उपलव्ध गराउने ।

(छ) संस्थाका सदस्यहरु वा उपभोक्ताहरुका लागि विद्युत सेवा उपलब्ध गराउने सिलसिलामा मुख्य लाइन, शाखा लाइन र अन्य संरचनाहरु निर्माण, निरीक्षण, सञ्चालन मर्मत सम्भार, सुधार, स्थानान्तरण, पुनःस्थापना गर्ने कार्यमा सहयोग गर्ने ।

(६) सदस्यले एक व्यक्ति एक मतको आधारमा साधारण सभाको निर्णयमा र समितिहरूको निर्वाचनमा भाग लिन पाउने छ ।

(७) संस्थाले गरेको सबै कारोवार प्रति संस्थाका प्रत्येक सदस्यले सजग रही जानकारी लिइरहने र संस्थाको सञ्चालन प्रक्रियामा दुरुपयोग एवं अनियमितता हुन नदिन सक्रिय दायित्व निर्वाह गर्ने ।

(८) **साधारण सदस्य प्रवेश शुल्कः** ऐनको दफा ११ उपदफा (३) अनुसार सदस्यताका लागि दिईएको निवेदन स्वीकार भएको अवस्थामा सदस्यता प्रवेश शुल्क वापत रू २०००/-(दुई हजार मात्र) बुझाइ सदस्यता उपलव्ध गराइनेछ । एकपटक सदस्य भएसकेपछि संस्थावाट विद्युत प्रयोग गरी विद्युत लाईन नकाटिएसम्म सो सदस्यता कायम रहने छ । कुनै कारण वश विधुत लाइन काटिएमा पुन रु १०००।०० (एक हजार मात्र) बुझाई सदस्यता कायम गरिनेछ ।

(९) **साधारण सदस्य हुनको लागि आवेदन दिनुपर्ने :**

(क) संस्थाको कार्यक्षेत्रभित्रका व्यक्ति वा सरकारी कार्यालय वा कानून बमोजिम सार्वजनिक हितका लागि स्थापित शिक्षण संस्थाहरू एवम् अन्य सामाजिक संघ संस्था वा उद्योगले विद्युत उपभोगका लागि सदस्यता प्राप्त गर्न उपभोक्ता समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) परियोजना व्यवस्थापन समितिले सदस्यता नदिने निर्णय गरेमा त्यस्तो व्यक्तिले साभारणसभा समक्ष पुनरावेदन गर्न सक्नेछ सदस्यता सम्बन्धमा साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) संस्थाको सदस्यता समाप्त भएको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न त्यस अवधि सम्मको सम्पुर्ण विद्युत महसुल भुक्तानी गरेमा नियमानुसार  पुनः सदस्यता प्राप्त गर्न सक्नेछ ।

(घ) कार्य क्षेत्र भित्र वसोवास गर्ने व्यक्तिहरुलाइ कुनै पनि कारणले विद्युत उपभोग गर्नबाट वन्चित गरिने छैन । तर नियमितरुपमा विद्युत महसुल नवुझाएमा उभोक्ता समितिले उपभोक्ताहरुलाई सेवा उपलव्ध गराउन वाध्य हुनेछैन ।

(१०) परियोजना व्यवस्थापन समितिको पदावधि साधारण वढीमा ३ (तीन) वर्ष हुनेछ ।

**१२. परियोजना व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

क. विधुत उपभोक्ता घरधुरीको अभिलेख राख्ने ।

ख. विधुत उपभोग गरे वापतको महशुल संकलन तथा सोको अभिलेख राख्ने ।

ग. आम्दानी खर्च विवरणको अभिलेख राख्ने ।

घ. मर्मत सम्भारको कार्य गर्ने गराउने ।

ड. मर्मत कार्यको लागि सम्झौता गर्ने ।

च.आम्दानी खर्च विवरण, कर्मचारी परिचालन, परियोजना सञ्चालनको अवस्था र आगामी सुधार गर्नु पर्ने कार्यका लागि सुझाव सहितको प्रतिवेदन विधुत तथा उर्जा शाखा मार्फत निर्देशक समितिमा पेश गर्ने ।

छ. निर्देशक समिति, समन्वय समितिले दिएको निर्देशन अनुसारका कार्य गर्ने गराउने ।

## परिच्छेद : ५

## विधुत तथा उर्जा शाखा सम्वन्धित व्यवस्था :

**१३. गाउँपालिका स्तरमा एउटा विधुत तथा उर्जा शाखा  देहाय अनुसार रहनेछ ।**

क. शाखा प्रमुख (प्राविधिक पाँचौ तह ) १ जना

ख. सहायक कर्मचारी (प्राविधिक चौथो तह) १ जना

ग. सहयोगी कर्मचारी सामान्य लेखपढ गर्न जान्ने र सम्वन्धित क्षेत्रको ज्ञान भएको १ जना

**१४. विद्युत तथा उर्जा शाखाको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।**

क. गाउँ पालिका भित्र सञ्चालनमा रहेका साना तथा लघु जल विद्युत परियोजनाहरुको अभिलेख राख्ने।

ख. परियोजनाहरुको सञ्चालन अवस्था वारे अद्यावधिक जानकारी राख्ने।

ग. कर्मचारी परिचालन तथा सोको प्रभाव अध्ययन गर्ने।

घ. आकस्मिक तथा नियमित मर्मत संभारको योजना तयार पारी कार्यान्वयन गर्ने गराउने।

ङ. आकस्मिक तथा नियमित सम्भार मर्मतका लागि वार्षिक कार्यक्रम तथा वजेट तयार पारी आवश्यक वजेट व्यवस्थापनका लागि निर्देशक समितिमा पेश गर्ने।

च. निर्देशक समितिले तोके अनुसार कर्मचारी नियूक्ति, परिचालन र कार्यसम्पादन गर्ने।

छ. आवद्यिक प्रतिवेदन पेश गर्ने।

ज. उर्जा सम्वन्धित अन्य कार्य गर्ने।

झ. विद्युत महशुल वाट संकलन भएको राजश्व सम्वन्धित खातामा जम्मा गर्ने।

ञ. गाउँपालिका भित्रका परियोजनाहरुले संकलन गरेको विद्युत महशुलको अद्यावधिक अभिलेख राख्ने।

## परिच्छेद ६

## परियोजना वर्गिकरण, व्यवस्थापन तथा सञ्चालन सम्वन्धित व्यवस्था :

**१५. गाउँपालिका भित्र निर्माण भएका वा हुने साना तथा लघु जल विद्युत परियोजनाहरुको वर्गिकरण देहाय अनुसार हुनेछ ।**

| | | |
|---|---|---|
| क. | १ किलो वाट देखि १५ किलो वाट सम्म | (ङ) स्तर |
| ख. | १६ किलोवाट देखि २५ किलोवाट सम्म | (घ) स्तर |
| ग. | २६ किलोवाट देखि ५० किलोवाट सम्म | (ग) स्तर |
| घ. | ५० किलोवाट देखि १०० किलोवाट सम्म | (ख) स्तर |
| ङ. | १०१ किलोवाट देखि माथि १,००० किलोवाट सम्म | (क) स्तर |

**१६. परियोजना सञ्चालनका लागि आवश्यक मानव शंसाधनको व्यवस्थापन देहाय अनुसार गरिनेछ ।**

क. साना तथा लघु जलविद्युत परियोजनाको स्तर, लाभान्वित घरधुरी तथा कार्यक्षेत्रका आधारमा समन्वय समितिसंगको समन्वयका आधारमा निर्देशक समितिले साना तथा लघु जलविधुत परियोजना सञ्चालनका लागि आवश्यक कर्मचारी व्यवस्थापन गरी परिचालन गर्नेछ ।

ख. परियोजनाका लागि व्यवस्थापन गरिने कर्मचारीको सेवा सुविधा निर्देशक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ७

## साना तथा लघु जलविधुत परियोजना सञ्चालन सम्वन्धित व्यवस्था तथा प्रकृया

**१७. यस नार्पा भूमि गाउँपालिका भित्र निर्माण भएका तथा निर्माण हुने साना तथा लघु जल विधुत परियोजना यस ऐन अन्तरगत सञ्चालन गर्न गराउन देहायका प्रकृया पुरा गर्नु पर्नेछ ।**

**क.** साना तथा लघु जल विधुत संस्थाको स्विकृत विधान तथा कार्यविधि अनुसार उपभोक्ता संस्था वा समितिको वैठक गर्ने ।

ख. उपभोक्ता संस्थाको वैठकवाट साविक नियमानुसार साधारण सभा गर्ने ।

ग. साधारण सभावाट संस्थाको साविकको विधान खारेजी गरी नार्पा भूमि गाउँपालिकाको साना तथा लघु जल विधुत परियोजना नियमन, व्यवस्थापन तथा सञ्चालन ऐन, २०८१ को व्यवस्था अनुसार सञ्चालन गर्ने गरी निर्णय गर्ने ।

घ. संस्थाको चल, अचल सम्पतीको अभिलेख तयार पारी पारित गर्ने ।

ड. हस्तान्तरण तथा वरवुझारत गर्ने ।

(१) दफा १७ बमोजिम गाउँपालिकालाई हस्तान्तरण भई आएका जलविधुत परियोजनाको सञ्चालन तथा व्यवस्थापन प्रकृया सम्वन्धमा सञ्चालन समिति, परियोजना व्यवस्थापन समिति तथा उपभोक्ता समिति र वडा स्तरीय समन्वय समितिको काम कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको गाउँपालिकाको वडा समितिमा निहित हुने छ ।

(२) उपदफा १ बमोजिमका परियोजना सञ्चालन तथा व्यवस्थापनको लागि गाउँकार्यपालिकाको बैठकले निर्णय गरेअनुसार सम्वन्धित वडा कार्यालयलाई जिम्मेवारी दिन सक्नेछ । र वडा कार्यालयले मासिक प्रतिवेदन गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद ८

## विधुत महशुल निर्धारण, संकलन तथा कर्मचारी नियुक्ति सम्वन्धित व्यवस्था

१८. महशुल निर्धारणका : (१) महशुल निर्धारणका लागी वडा स्तरिय समन्वय समितिको समन्वयमा सुपरिवेक्षण समितिले देहायका आधारमा विधुत प्रयोगको प्रकार वर्गिकरण गरि दर रेट निर्धारण गरि अनुमोदनका लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ । प्रत्येक वर्ष सुपरिवेक्षण समितिले समय सान्दर्भिक विद्युत महसुल दर उपभोक्ता समितिलाई सिफारिस गर्नेछ ।

(२) ऐन पारित भएको आर्थिक वर्षमा विधुत महशुल दर आर्थिक ऐनमा नतोकिएको भएमा न्यूनतम महशुल रु १००।०० र थप प्रति यूनिट रु १० का दरले असुल गरिनेछ । अन्यथा आर्थिक ऐन बमोजिम हुनेछ ।

(३) दफा १८ को उपदफा १ वमोजिम महशुल दर निर्धारणका लागि देहाय वमोजिम वर्गिकरण भएका सुविधाका आधारमा महशुल दर निर्धारण गरिनेछ ।

**(क) आधारभूत स्तर** (घरायसी प्रयोग)

क) प्रतिघर ख) प्रतियुनिट ग) प्रतिवाट घ)समयावधि-बार्षिक, अर्धबार्षिक, मासिक, मौसम अनुसार ङ) प्रति वल्व च) छुट सम्वन्धित व्यवस्था

**(ख) मध्यम स्तर**

क. टि.भि. ख.फ्रिज ग.वासिङ मेसिन

**(ग) उच्च स्तर (व्यवसायिक प्रयोग)**

क. काष्ठ उद्योग ख. आटा मिल सञ्चालन ग. अन्य लघु उद्योग घ. फोटो स्टुडियो , फोटोकपि सेन्टर

माथि दफा १८ को उपदफा २ (ख) र (ग) मा उल्लेख भएका क्षेत्रमा प्रयोग हुने विधुत उपलव्ध गराइदा आधारभूत तहको विद्युत सेवालाई वञ्चित हुने गरी विधुत उपलव्ध गराउन वाध्य हुने छैन ।

**१९.** विधुत उपभोग गर्ने घरधुरी तथा घरेलु उद्योगले आफूले प्रयोग गर्ने विधुत तथा सञ्चालन गर्न खोजेको व्यवसाय खुल्ने गरी अनुसूचि ३ को फाराम भरी परियोजना व्यवस्थापन मार्फत वडा समन्वय समितिको सिफारिसमा निर्देशक समितिमा पेश गर्नु पर्नेछ ।

**२०. महशुल असुली सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ :**

क. समितिले विद्युतको महशुलका लागि मिटर रिडिङ. प्रत्येक महिनाको २५  गते देखि मसान्त सम्म गरि सक्ने व्यवस्था मलिाउने छ ।

ख. महसुल प्रत्येक महिनाको ७ गते भित्र कार्यालयमा बुझाई सक्नुपर्ने छ । महशुल बुझाउने सम्बन्धि नियम र प्रक्रिया संस्था सदस्यता एवं महसुल संकलन काडमा उल्लेख गरिने छ ।

ग. मिटर रिडिङ कै समयमा वा रिडिङ. गरेको ७ दिन भित्र महशुल बुझाएमा ५ प्रतिशत छुटको व्यवस्था गरिनेछ ।

घ.मिटर रिडिङ गरेको ७ देखि १५ गते (दिन) भित्र महशुल बुझाएमा बिलकै रकम भुक्तानीको व्यवस्था गरिनेछ ।

ङ. मिटर रिडिङ गरेको  १५ देखि ३० दिन पछि महशुल बुझाएमा १० प्रतिशत थप रकम जरिवाना गरिनेछ ।

च. दोश्रो महिनाको  मिटर रिडिङ गर्दा सम्म पनि महशुल नबुझाएमा थप २० प्रतिशत थप जरिवाना गरिनेछ ।

छ.तेश्रो महिनाको  मिटर रिडिङ गर्दा सम्म पनि महशुल नबुझाएमा थप ३० प्रतिशत थप जरिवाना गरिनेछ ।

ज. चौश्रो महिनाको  मिटर रिडिङ गर्दा सम्म पनि महशुल नबुझाएमा थप ४० प्रतिशत जरिवाना गरिनेछ ।

झ. पाचौ महिनाको  मिटर रिडिङ गर्दा सम्म पनि महशुल नबुझाएमा थप ५० प्रतिशत जरिवाना गरिनेछ ।

ञ. छैटौ महिनाको रिडिङ. अवधि सम्म पनि महशुल नबुझाएमा सम्बन्धित घरको विद्युत लाईन काटीनेछ र पुनः जडान गर्न अव उप्रान्त नियमको पालना गर्ने प्रतिवद्धता सहित लिखित निवेदन र जडान खर्च वाफतको रकम भुक्तानी गर्नु पर्नेछ ।

ट. माथि उल्लेखित नियमका अतिरिक्त वडा समन्वय समितिको सिफारिसमा निर्देशक समितिले महशुल नवुझाउने घरधुरीको कालो सूचि तयार पारी उक्त घरधुरी सदस्यलाई गाउँपालिका भित्रका सरकारी कार्यालयवाट उपलब्ध गराइने सेवा सुविधा रोक्का गर्न पत्राचार गर्न सक्नेछ ।

**२१. गाउँपालिका भित्र रहेको साना तथा लघु जलविद्युत परियोजना सञ्चालन तथा व्यवस्थापनका लागि कर्मचारी नियुक्ति, व्यवस्थापन तथा परिचालन देहाय वमोजिम गरिनेछ ।**

(क) विधुतको उत्पादन क्षमता, लाभान्वित घरधुरी र भौगौलिक विकटता हेरी आवश्यक कर्मचारी नियूक्तीका लागि निर्देशक समितिले गाउँ कार्यपालिका समक्ष सिफारिस पेश गर्नेछ ।

(ख) कर्मचारी छनौटका लागि न्यूनतम तालिम, कार्यअनुभव र कर्मचारीको लगनशिलता हेरिने छ ।

(ग) कर्मचारीको उमेर १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको हुनु पर्नेछ ।

(घ) विधुत परियोजनामा कार्यरत कर्मचारीलाई पहिलो प्राथमिकता हुनेछ ।

(ङ) प्रचलित कानूनले अयोग्य नठहरिएको ।

(च) कर्मचारी छनौट गर्दा स्थानीयलाइ प्राथमिकता दिइनेछ । अन्य व्यवस्था प्रचलित कानून कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद ९
## विविध तथा अन्य व्यवस्था

**२२. विविध :** यस ऐनको उद्देश्य प्राप्तिका लागि गाउँ कार्यपालिकाले विधुत तथा उर्जा शाखाको सहयोगमा समयानुसार अन्य नियमावली, कार्यविधि  र निर्देशिका तयार पार्न सकिने छ ।

**२३. विद्युत वितरण सम्बन्धी व्यवस्था :** संस्थाको कार्यक्षेत्र भित्रका ब्यक्तिले यस ऐनमा भएको व्यवस्था वमोजिम समय समयमा तय गरेको विद्युत् महसुल दर अनुसारको रकम मासिक रूपमा तिर्ने गरी उपभोक्ता सदस्यताको लागि दिइने निवेदन वा सेवा लिने फाराममा उल्लेख गरी संस्थाले उपलब्ध गराउन सक्ने सम्म विद्युत सेवा प्राप्तिका लागि निवेदन दिनु पर्नेछ । यसका लागि संस्थाले कुनै निवेदकलाई संस्थाको विद्युत क्षमता अनुसार कति विद्युत शक्ति आपूर्ति गर्ने भन्ने निर्णय गर्नेछ । प्रत्येक उपभोक्ता सदस्यले संस्थालाई तिर्न, बुझाउनु पर्ने सम्पूर्ण रकम बाँकी बक्यौता दस्तुर बुझाउँनु पर्नेछ ।

**२४. विधुत सेवा कटौती गर्न सक्ने :** साना तथा लघु जलविधुत परियोजनावाट विधुत सेवा प्राप्त गरि उपभोग गर्दै आइरहेको उपभोक्ता घरधुरीले नियमानुसार तोकिएको विधुत महशुल समयमा नतिरेमा उक्त उपभोक्तालाई विधुत उपलव्ध गराउन वाध्य हुने छैन ।

द्रस्टव्य :माथि दफा २४ मा जुनसुकै कुरा लेखिएको भएता पनि ६० वर्ष माथिका घरमूली एकल महिला वा विधुवा र (क) वर्गका अपांगता भएको  व्याक्तिको हकमा विधुत सेवा कटौती गरिने छैन ।

**२४. साधारण सदस्यता र विधुत उपभोक्ता दर्ता किताब** : समितिले साधारण सदस्य र विधुत उपभोक्ता घरधुरीहरुको अलग अलग दर्ता किताब अनुसूची-१ र अनुसूचि-२ बमोजिमका कुराहरु उल्लेख हुने गरी लगत खडा गर्नेछ । सदस्यहरुको स्थायी ठेगाना, पेशा व्यवसाय, सम्पर्क फोन नम्बर र सदस्यता मागको निवेदन तथा सदस्यता छाडेको अभिलेख अध्यावधिक गरी राख्नेछ । कार्यक्षेत्र बाहिर बसोबास गर्ने वा अनाधिकृत व्यक्तिलाई सदस्यता दिइने छैन ।
**२५.महशुल अभिलेखः** विधुत उपभोक्ताहरुले तिरेको महसुल अभिलेल अनुसूची ४ को ढाँचामा राख्नु पर्नेछ ।

**२६. अमान्य हुने :** यस ऐनमा उल्लेखित कुनै व्यवस्थाहरु नेपाल सरकारका प्रचलित ऐन, नियम सिद्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**२७. बचाउ :** कुनै लघु जल विधुत उपभोक्ता संस्था वा साधारण सभाको प्रतिनिधिको निर्वाचन, कर्मचारी नियुक्तिका सम्बन्धमा नेपालका प्रचलित ऐन, नियम र कार्यविधि अन्तगर्तको कुनै व्यवस्थाको पालन भएको छैन भन्ने कुरा पछि ठहरिन गएमा त्यसरी ठहरिनु भन्दा अगाबै

त्यस्तो लघु जलविधुत सस्था वा  समिति, उपसमिति वा साधारण सभाले गरेको काम कारवाही सो कुराले मात्र बदर हुने छैन ।

## अनुसूची - १

(ऐनको दफा २४ सँग सम्बन्धित)

........................... लघु जलविद्युत उपभोक्ता

## सदस्यता दर्ता किताव

| सि.नं | बाजेको नाम | बाबुको नाम | पति वा पत्नीको नाम | सदस्यको नाम | उमेर | ठेगाना | पेशा | सदस्य भएको मिति | दस्तखत वा सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

**अनुसूची २**

(ऐनको दफा २४ सँग सम्बन्धित)

उपभोक्ता सदस्यता एवं महसुल सङ्केत कार्ड

............................... **लघु जलविद्युत**

**नाम : .........................**

**कोड नं**

**ठेगाना :................उपभोक्ता घरधुरी नं :**

**आ.व....... ............**

**अ. ल्या**

| महिना | सङ्कलन रकम | रसिद नं | रसिदको मिति | महिना | सङ्कलन रकम | रसिद नं | रसिद मिति | कुल रकम | महसुल बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| ........श्रावण ा | | | | ........श्रावण ा | | | | | |
| भाद्र | | | | भाद्र | | | | | |
| आश्विन | | | | आश्विन | | | | | |
| कार्तिक | | | | कार्तिक | | | | | |
| मंसिर | | | | मंसिर | | | | | |
| पौष | | | | पौष | | | | | |
| माघ | | | | माघ | | | | | |
| फाल्गुन | | | | फाल्गुन | | | | | |
| चैत्र | | | | चैत्र | | | | | |
| बैशाख | | | | बैशाख | | | | | |
| जेष्ठ | | | | जेष्ठ | | | | | |
| असार | | | | असार | | | | | |

**नोट :** प्रत्येक बर्षको अन्त वा शुरुमा लेजरमा सम्पर्क गरी आफ्नो बाँकी बक्यौताबारे यथार्थ विवरण लिनुहोला ।

**महशुल कार्डमा उपभोक्ता घरधुरी नं. राख्ने तरिका :** गाउँपालिका कोड नं. र वडा नं. र विधुत वर्गीकरण नं र घरधुरी नं.

**जस्तै : ८०१०७७३०५** र ०४ र **ग** र ०००१

## अनुसूची ३

**(ऐनको दफा १९ सँग सम्बन्धित)**

मध्यम र उच्च स्तरको विधुत सेवा उपलब्ध सम्बन्धि माग फाराम

................................ **लघु जलविद्युत उपभोक्ता**

**कोड नं**

| **सि.नं** | **घरमुलीको नाम** | **ठेगाना** | **लाभान्वित जनसंख्या ( घरधुरीको)** | **कैफियत** |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| माग गरिएको सुविधा स्तर | मध्यम स्तर | उच्च स्तर | कैफियत |
| | | | |
| प्रयोग गरिने सम्भावित उपकरणको नाम | परिमाण | विधुत क्षमता ( भोल्टेज) | विधुत माग जम्मा क्षमता |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

## उपभोक्ता घरधुरीको स्वघोषणा :

म .........................................................यस ऐन, नियमावली र कार्यविधिको पूर्ण रुपमा पालना गर्न मञ्जुर भई नियमानुसार तोकिएको महशुल निर्धारित समय सिमा भित्रै भुक्तानी गर्ने छु । साथै विधुत प्रयोग गर्दा अन्य उपभोक्तालाई कुनै असर पार्ने छैन भनि स्वघोषणा गर्दछु ।

**हस्ताक्षर :**

| | |
|---|---|
| | |

| सदस्यको फोटो |
|---|
| |

**अनुसूची ४**

(ऐनको दफा २५ सँग सम्बन्धित)

उपभोक्ता सदस्यता एवं महसुल अभिलेख

............................... **लघु जलविद्युत**

| **कोड नं.** |
|---|

**नाम :** ........................

**ठेगाना :**................ **उपभोक्ता घरधुरी नं :**

| **आ.व.** .............. | | | | | **आ.व.** .................. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| महिना | सङ्कलन रकम | रसिद नं | रसिदको मिति | महसुल बुझिलिनेको दस्तखत | महिना | सङ्कलन रकम | रसिद नं | रसिदको मिति | महसुल बुझिलिनेको दस्तखत |
| श्रावण | | | | | श्रावण | | | | |
| भाद्र | | | | | भाद्र | | | | |
| आश्विन | | | | | आश्विन | | | | |
| कार्तिक | | | | | कार्तिक | | | | |
| मंसिर | | | | | मंसिर | | | | |
| पौष | | | | | पौष | | | | |
| माघ | | | | | माघ | | | | |
| फाल्गुन | | | | | फाल्गुन | | | | |
| चैत्र | | | | | चैत्र | | | | |
| बैशाख | | | | | बैशाख | | | | |
| जेष्ठ | | | | | जेष्ठ | | | | |
| असार | | | | | असार | | | | |

**आज्ञाले,**

शुशिल लम्साल

प्रमुख प्रशासकीय अधिकृत